**बैठकमा प्रस्तुत प्रस्तावहरु :-**

१. आय ठेक्का वन्दोवस्त सम्बन्धमा ।

२. भाडा सम्झौता नविकरण तथा दरभाउपत्रको सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

३. जरिवाना सम्बन्धमा

४. सरसफाई शुल्क सम्बन्धमा ।

५. बालमैत्री स्थानीय शासन सम्बन्धमा ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रमका सम्बन्धमा ।

**निर्णय नं. १ –** प्रस्ताव नं. १ माथी छलफल गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले उल्लेख गरे अनुसारको परिमाणमा आ.व. २०७९/८० को लागि नदीजन्य पदार्थ (ढुङगा गिट्टी वालुवा) को बिक्रि एबम निकासी कर ठेक्का वन्दोवस्त गर्न आधिखोलाको २ वटा नाकाको लागि मिति २०७९/५/२८ मा प्रथम पटक, गते ३० दिने Electronic Bid मार्फत वोलपत्रको सुचना प्रकाशन गरिएकोमा ठे.नं. ४ (माथिल्लो नाका पुतलीखेत पक्की पुलबाट माथी सेतिदोभान सम्म) मा सौजन कन्स्ट्रकसन बाट वोलपत्र पेश भएको र सम्झौता समेत भै हाल कार्यान्वयनमा आएको छ साथै ठे.नं. ५ तल्लो नाका (पुतलीखेत पक्की पुल देखि तल हेलु आँधदोभान सम्म) को नाकामा कुनै पनि वोलपत्र पेश नभएकोले मिति २०७९/६/५ गते दोश्रो पटक सुचना प्रकाशन गरिएकोमा उक्त सुचनामा पनि वोलपत्र पेश हुन नआएकोले पुनः मिति २०७९/६/३० मा तेश्रो पटक सुचना प्रकाशन गरिएको थियो उक्त सुचनामा समेत कुनै पनि वोलपत्र पेश नभएको ।

उक्त नाकामा पटक पटक सुचना प्रकाशन गर्दा समेत ठेक्का वन्दोवस्त हुन नसकेकोले सो नाकालाई केही संसोधन गरी ठेक्का वन्दोवस्त गर्नुपर्ने देखिएको छ । तसर्थ प्रारम्भिक वातावरणीय परीक्षणक (क्षभ्भ्) को प्रतिवेदन अनुसार कुल ९ महिना (२७५दिन) मा प्रतिदिन २१७.७९ घ.मी. का दरले माल वस्तु उत्खनन् गर्न सकिने भनी सिफारिसि भएको भएता पनी हाल सम्म २ महिना (६० दिन) व्यतित भै सकेको तर ठेक्का वन्दोवस्त हुन नसकेको हुँदा प्रतिदिन २१७.७९ का दरले हुन आउने ६० दिनमा उत्खनन् गर्न सकिने परिमाण घटाई तपसिल अनुसारको परिमाण कायम गरी ठेक्का नं. ५ लाई ७ महिनाको लागि नदीजन्य पदार्थ (ढुङगा गिट्टी वालुवा) को बिक्रि एबम निकासी कर ठेक्का वन्दोवस्त गर्न पुनः ७ दिने सुचना प्रकाशन गर्नका लागि राजस्व परामर्श समितिबाट गरिएको सिफारिस स्वीकृत गर्ने निर्णय गरियो ।

१ हाल संसोधन गरी नदीजन्य पदार्थ (ढुङगा गिट्टी वालुवा) को बिक्रि एबम निकासी कर ठेक्का वन्दोवस्त गर्ने नाका विभाजनको विवरण

| **आय ठेक्का नं** | **नदिरखोलाहरुको विवरण** | **(IEE)प्रतिवेदन २०७९ अनुसारको उत्खनन् गरिने घाटको विवरण** | **साविकको परिमाण** | **ससेधित परिमाण** | **मु.अ.कर सहित रकम** |
|---|---|---|---|---|---|
| ०५/०७९/८० | आँधीखोला नाका क | छिडी खल्लुवोट | ११७१७.५० | १५३३५.८३ | ४२८०५५७.०० |
| | आँधीखोला नाका ख | राङखोला | १०३१२.५० | ८०२०.८३ | २२३८७८५.०० |
| | आँधीखोला नाका ग | लाम्पाटा | ११४३१.२५ | ८८९०.९७ | २४८१६६०.०० |
| | आँधीखोला नाका घ | गैरीजाँगर, वल्याङ– वेलवास, हेल आँधीदोभान | ११७१८.७५ | ९११४.५७ | २५४४०७१.०० |
| | जम्मा | (भ्याट वाहेक रु १०२१५८७७।०२२) | ५३१८०.०० | ४१३६२.०० | ११५४५०७३.०० |

**निर्णय नं. २** यस नगरपालिकाबाट तपसिलमा उल्लेख भए अनुसार भाडामा लगाईएको सटर, क्यान्टिन तथा कोठाहरुको भाडा सम्झौता अवधि सकिएकोले सि नं. १ र २ को हकमा हाल लिईदै आएको भाडा दरमा २० प्रतिशतले जोडी हुन आउने भाडादर कायम गरी २ वर्षको लागि सम्झौता नविकरण गर्ने र सि नं. ३ र ४ को हकमा हाल लगाउदै आएको साविक भाडादर लाई न्यूनतम अंक कायम गरी १५ दिने सुचना प्रकाशन गर्न राजस्व परामर्श समितिबाट गरिएको सिफारिस स्वीकृत गर्ने निर्णय गरियो ।

| **सि.नं** | **सटर कोठा रहेको स्थान** | **साविकको भाडादर** | **२० प्र. थप** | **संसोधित भाडादर** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | कार्यालय परिसरमा रहेको क्यान्टिन | १०००० | २००० | १२००० | मिति २०८१ कार्तिक मसान्त सम्म म्याद थप |
| २ | वडा नं. ३ सुर्योदय वचत तथा ऋण सहकारी संस्था लि. वसेको भवन | ९२०० | १८४० | ११०४० | मिति २०८१ पौष मसान्त सम्म म्याद थप |
| ३ | स्याङजा सपिङ कम्प्लेक्स ३ कोठा | ८४१५ | ० | ८४१५ | दरभाउपत्रको सुचना प्रकाशन गर्ने |
| ५ | हस्पिटलचोक स्थित सटर सहितको घर | ८५३६ | ० | ८५३६ | दरभाउपत्रको सुचना प्रकाशन गर्ने |

**पुनश्च :** माथी उल्लेख भएको सि.नं. १ र २ मा संसोधित भाडादरमा वस्न मञ्जुर नभएमा सो समेतलाई सि.नं. ४ र ५ बमोजिम नै सुचना प्रकाशन गर्न राजस्व परामर्श समितिबाट गरिएको सिफारिस स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** यस नगरपालिकाबाट तपसिलमा उल्लेख भए अनुसार भाडामा लगाईएको सटर, क्यान्टिन तथा कोठाहरुको भाडा सम्झौता अवधि सकिएकोले सि नं. १ र २ को हकमा हाल लिईदै आएको भाडा दरमा २० प्रतिशतले जोडी हुन आउने भाडादर कायम गरी २ वर्षको लागि सम्झौता नविकरण गर्ने र सि नं. ३ र ४ को हकमा हाल लगाउदै आएको साविक भाडादर लाई न्यूनतम अंक कायम गरी १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि.नं. | सटर कोठा रहेको स्थान | साविकको भाडादर | २० प्र. थप | संसोधित भाडादर | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यालय परिसरमा रहेको क्यान्टिन | १०००० | २००० | १२००० | मिति २०८१ कार्तिक मसान्त सम्म म्याद थप |
| २ | वडा नं. ३ सुर्योदय क्लव वसेको भवन | ९२०० | १८४० | ११०४० | मिति २०८१ पौष मसान्त सम्म म्याद थप |
| ३ | स्याङजा सपिङ कम्प्लेक्स ३ कोठा | ८४१५ | ० | ८४१५ | दरभाउपत्रको सुचना प्रकाशन गर्ने |
| ४ | हस्पिटलचोक स्थित सटर सहितको घर | ८५३६ | ० | ८५३६ | दरभाउपत्रको सुचना प्रकाशन गर्ने |

**निर्णय नं. ४** ढुङगा गिट्टी वालुवा नदीजन्य पदार्थ अवैधानिक रुपमा उत्खनन् तथा संकलन गरी ओसार पसार गर्ने तपसिल अनुसारका सवारी साधनहरुलाई निम्नानुसारको जरिवाना लगाउने साथै उक्त कार्य दोहोरिएमा सो जरिवाना हरेक पटक दोब्बर लगाउने र उक्त सवारी साधन पक्राउ गरी सहयोग पुर्‍याउने संघ संस्था वा व्यक्तिलाई असुल गरिएको जरिवाना रकमको २५ प्रतिशत प्रोत्साहन रकम दिन राजश्व परामर्श समितिबाट गरिएको सिफारिस स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल :**

१. जिप पहिलो पटक – रु.१०,०००। (दश हजार)

२. टेक्टर पहिलो पटक – रु.२०,०००। (विस हजार)

३ .टिप्पर पहिलो पकट –रु.५०,०००। (पचास हजार)

४. उत्खननमा प्रयोग हुने मेशिन उपकरण– रु.१,०००००। (एक लाख)

**निर्णय नं. ५** यस पुतलीवजार नगरपालिकाद्वारा फोहोरमैला संकलन गरिएका विभिन्न वडाका विभिन्न टोल विकास संस्थाहरुबाट विगतमा सफाई शुल्क असूली गरी टो.वि.स लाई १५ प्रतिशत अनुदान र ८५ प्रतिशत रकम नगरपालिकामा दाखिला गर्ने गरिएकोमा अव उप्रान्त २०७९ मंसिर १ गते देखि लागु हुने गरी टोल विकास संस्थाले असूली गरेको रकम शत प्रतिसत नै नगरपालिकामा दाखिला गर्न लगाउने र असुली भएको २५ प्रतिशतले हुन आउने रकम दाखिला निस्साको आधारमा नगरपालिकाले तोकेको शर्त पुरा गर्नको लागि अनुदान स्वरुप भुक्तानी दिने गरी सफाई शुल्क असुलीको प्रवन्ध मिलाउन राजश्व परामर्श समितिबाट गरिएको सिफारिस स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** CFLG निर्देशिका २०७८ को अनुशरण तथा घोषणा कार्यविधि २०७९ बमोजिम CFLG नगर सम्पर्क शाखाको रुपमा शिक्षा युवा तथा खेलकुद शाखालाई तोक्ने र सम्पर्क व्यक्तिका रुपमा शाखा प्रमुख अधिकृत नवौ बाबुराम बराललाई तोक्ने र नीतिगत, कार्यक्रमगत तथा प्रक्रियागत रुपमा कार्यान्वयनका लागि बालमैत्री स्थानीय शासन घोषणाको अवलम्बन गर्ने निर्णय गरियो । साथै उक्त कार्यमा महिला बालबालिका तथा जेष्ठ नागरिक उपशाखा प्रमुख, योजना शाखा प्रमुख, प्रशासन शाखा प्रमुख सदस्य रहने गरी शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना संचालन गर्नका लागि वडाबाट वार्षिक नगर विकास योजनामा समावेश भएका योजनाहरु मध्ये साझेदारीतामा संचालन गर्न सकिने योजनाहरुलाई वडाबाट प्रस्ताव गरी आए बमोजिम कार्यान्वयन गर्न देहाय बमोजिम वडागत रुपमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र स | वडा नं | बजेट रु |
|---|---|---|
| १ | १ | २००००० |
| २ | २ | २००००० |
| ३ | ३ | २००००० |
| ४ | ४ | २००००० |

| | | |
|---|---|---|
| ५ | ५ | २००००० |
| ६ | ६ | २००००० |
| ७ | ७ | २००००० |
| ८ | ९ | ३४९००० |
| ९ | ११ | २००००० |
| १० | १२ | ३५०००० |
| ११ | १३ | ३४९००० |
| १२ | १४ | २००००० |
| | **कुल जम्मा** | **२८४८०००** |

**पुनश्च -** स्थानिय निर्देशक समितिको मिति २०७९।०६।२८ गतेको निर्णय बमोजिम कार्यपालिकामा स्वीकृतिको लागि पेश भएको आ.व. २०७९।८० मा रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS ) मा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम समेत स्वीकृत गर्ने निर्णय गरियो ।